श्री

उच्च अदालत पोखरा

संयुक्त इजलास

इजलास नं. २

माननीय न्यायाधीश श्री तेजबहादुर कार्की

माननीय न्यायाधीश श्री जगत प्रसाद श्रेष्ठ

**आदेश**

**विषयः- निपेधाज्ञा लगायत उपयुक्त आदेश जारी गरी पाउँ।**

**निवेदन नं. 075-WO-0060**

**नि.नं. ३०९**

हरि बहादुर गरुङको छोरा स्याङ्जा जिल्ला साविक कोल्मा गा.वि.स. वडानं. ६ को हाल कास्की जिल्ला पोखरा-१५ रामबजार बस्ने वर्ष ४० को विजय कुमार गुरुङ............१ } निवेदक

**विरुद्ध**

श्री वडा प्रहरी कार्यालय रामबजार कास्की पोखरा...........................................१

पोखरा महानगरपालिका वडानं. ९ प्रधान कार्यालय रहेको सराङ्कोट बहु-उद्देश्यीय सहकारी संस्था लिमिटेड...................................................................... १

कृत सिंह गुरुङकी श्रीमती कास्की जिल्ला पोखरा महानगरपालीका वडा नं. १५ बन क्याम्पस बस्ने वर्ष ४२ को बोलमाया गुरुङ.................................................१

} विपक्षी

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको अधिकारक्षेत्र भित्रको प्रस्तुत निवेदन पत्र एवँ लिखित जवाफको संक्षिप्त तथ्य र आदेश व्यहोरा निम्न अनुसार छः-

**तथ्य खण्ड**

१. **निवेदनको बेहोराः-**

म निवेदकको पैत्रिक थलो स्याङजा जिल्लामा भएतापनि बिगत २५ वर्षदेखी पोखरा १५ मा बस्दै आइरहेको छु। यसै क्रममा टोलछिमेकमा बस्ने चिनजानका विपक्षी मध्येकी बोलमाया गुरुङले आफुलाई ऋण रकमको आवश्यकता परेको हुँदा सहकारीबाट ऋण लिदा निजले धितो समेत राखेको भएपनि धनजमानी पनि बस्नुपर्ने मानिस चाहियो भनेको हुँदा मैले धितो छँदैछ मानिस इमानदार नै हुन भन्ने सोची निर्दोष मनोभावनाको साथ निज प्रत्यर्थी नं. ३ ले प्रत्यर्थी नं. २ को कार्यालयमा लगी विभिन्न कागजपत्रहरुमा सहिछाप गराई निजले लिएको ऋणमा मलाई धन जमानी राखिदिनुभएको थियो। तत्पश्चात प्रत्यर्थी नं. २ बाट निकै पटक फोन गरी धम्मी दिने र कहिले पत्रिकामा नाम निकालीदिन्छु भन्ने जस्तो अन्यायपुर्ण व्यवहार भईरहेको थियो। मैले ऋण खाएको होइन ऋण खानेले धितो समेत राखिदिएकै हुँदा मैले जमानी बसेको हुँ। उक्त

धितोबाट कानुन बमोजिम गरी असुल उपर गर्नुहोस नपुग भएमा मात्र मेरो जिम्मेवारी हुन सक्ने भनेपटछि प्रत्यर्थी नं. २ ले जसरी पनि तपाईंले तिर्नुपर्छ भनेका हुन्। मिति २०७५।१२।०६ का दिन प्रत्यर्थी नं.१ का प्रहरी पोशाक लगाएका कर्मचारी आई चौकीमा बोलाई लगेपछि मलाई थुनामा राखि रकम तिराउने भनी धम्काएको छन्। वित्तिय संस्थाको आर्थिक कारोबारमा देवानी प्रकृतिबाट विवादको निरोपण गर्नुपर्नेमा म निवेदकको स्वतन्त्रता हनन गरी मलाई पक्राउ गर्ने प्रबल सम्भावना रहेको हुँदा यो निवेदन लिई सम्मानित अदालतमा उपस्थित भएको छु। यसरी विशुद्ध व्यापारीक कारोबारको हिसाब मिलान गर्ने विषयगत क्षेत्राधिकार प्रत्यर्थी वडा प्रहरी कार्यालय रामबजारलाई नहुँदा पनि प्रत्यर्थीहरु एकआपसको गठमेलमा जबरजस्ती पैसा तिराउन कार्यालयमा बोलाउने र नआएमा पक्राउ गरेर ल्याउँछौं भनी उक्त प्रत्यर्थी नं.१ ले लगाएको उर्दीले नेपालको संविधानको धारा १७ ले प्रदान गरेको स्वतन्त्रताको हक, धारा १८ ले प्रदान गरको समानताको हक, धारा २५ ले प्रदान गरेको सम्पत्तिको हक एवं मुलुकी देवानी संहिता,२०७४ को दफा २० ले प्रदान गरेको स्वतन्त्रता अधिकारहरुमा आघात भएकोले मुलुकी देवानी संहिता,२०७४ को दफा २६ (३) एवं न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को आधारमा ऋण असुलीको विषयमा पक्राउ नगर्नु नगराउनु भनी विपक्षीहरुका नाउमा निषेधाज्ञा एवं उपयुक्त आदेश जारी गरी पाउँ। प्रस्तुत रिट निवेदनको टुङ्गो नलागेसम्म म निवेदकलाई पक्राउ नगर्नु, नगराउनु भनी विपक्षीहरुको नाउँमा अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने बिजय गुरुङको मिति २०७५।१२।१३ को निवेदन पत्र।

२. **<u>यस अदालतको आदेशः-</u>**

यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो? जारी गर्नु नपर्ने कुनै कानुनसम्मत आधार र कारण भए बाटाको म्याद बाहेक १५(पन्ध्र) दिन भित्र विपक्षी वडा कार्यालय रामबजारको हकमा उच्च सरकारी वकिल कार्यालय पोखरा मार्फत र अन्य विपक्षीहरुको हकमा आफैं वा कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी निवेदन र आदेशको प्रतिलिपी समेत साथै राखी म्याद सूचना गर्नू।

निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा दुवैपक्ष राखी छलफल गर्न मिति २०७५।१२।२६ मा पेशी राख्नु र सो मितिसम्म निवेदकलाई पक्राउ गर्ने गराउने, कागज गराउने जस्ता कुनै कार्य नगर्नु नगराउनु भनी उच्च अदालत नियमावलीको नियम ४२ (१)(क) बमोजिम विपक्षीहरुका नाउँमा अन्तरिम आदेश जारी गरीदिएको छ। सो को जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नु यस अदालतको मिति २०७५।१२।१४ को आदेश।

३. **<u>बोलमाया गुरुङको लिखित जवाफः-</u>**

पोखरा महानगरपालीका वडा नं.१५ को आदर्श मार्गमा कि.नं १६२ क्षेत्रफल०-४-३-२, को घडेरी जग्गा खरिद गरी आएकोमा त्यसपछि मेरो पिता इन्द्र बहादुर गुरुङको आर्थिक सहयोग र पतिको समेत कमाई लगानी गरी एक तले घर बनाई बसी आएकी छु। विपक्षी निवेदक मेरो छिमेकी भएकाले सामान्य चिनजान भएको अवस्थामा विपक्षीले म एक अनपढ महिला एक्लै घरमा बस्ने कुरा थाहा पाई मौकाको फाइदा लिने उद्देश्यले मेरो घरमा आई मलाई ललाई

फकाई गरी दिदि तपाईको घरजग्गा सहकारीमा धितो राखी ऋण निकालौं। सो रकम म चलाउँछु। सहकारीको ऋणको किस्ता तथा व्याज समेत मै चुक्ता गर्दछु भनेकोमा मैले घर सल्लाह नगरी सो काम गर्न सक्दीन भन्दा निजले तपाईलाई पनि थप केही रकम दिउँला भनेर मलाई विभिन्न प्रकारले ललाई फकाई आश्वस्त पारेकाले म सोझी एक नारीले विपक्षीको भनाईलाई इन्कार गर्न नसकी हुन्छ भनेकी हुँ। पछि विपक्षी र म मेरो घरको जग्गा धनीपुर्जा र मेरो नागरीकता लिएर २०७१।१२।०६ मा पोखरा-९ स्थित सराङ्कोट सञ्चार सहकारी लिमिटेडमा गई विपक्षीलेनै तयार पार्न लगाएको कागजमा सही गर्न लगाई निवेदकले धन जमानी कागजमा सहिछाप गरी उक्त सहकारीबाट मेरा नाउँमा लिएको रु ३५,००,०००। — (पैंतिस लाख) ऋण कर्जाको रुपैया मलाई एक रुपैया पनि नदिई विपक्षीले लिई गएका हुन्। सो ऋणकर्जाको साँवा व्याजको किस्ता निजले आफैं चुक्ता गर्नेछु भनेकोमा सुरु अवस्थामा अर्थात मिति २०७२।०१।०८ बाट २०७२।०८।१७ सम्म ४ पटक विपक्षीले रु.४,३७,०००।—कर्जाको किस्ता तथा व्याज बुझाएका थिए। तर त्यसपछि विपक्षीले किस्ता तथा व्याज नबुझाई बसेका रहेछन्। ऋणको किस्ता र व्याज तिर्नुहोस्। मलाई अप्ठ्यारोमा नपारी दिनुहोस्। घर परिवारले थाहा पाएभने मैले घर छाड्नु पर्दछ भनी अनुरोध गर्दा निजले ऋण किस्ता तथा व्याज तिर्न सक्दिन। रकम लिई मासी खाई सकें जानेको गर। अब आईन्दा मसँग यो विषयमा थप कुरा गरे तिम्रो जिउ ज्यान नै जोखिममा पर्ला भनी ज्यानै लिने सम्मको धम्की दिएकाले त्रसित भई शान्ती सुरक्षा दिलाई पाउँ भनी जिल्ला प्रशासन कार्यालय कास्कीमा २०७५।०३।२७ मा निवेदन गरेकीमा सोही दिन च.नं. ७९४७ बाट पत्राचार गरेपछि जिल्ला प्रहरी कार्यालय कास्कीले मानिस उपस्थित गराई दिन भनी मिति २०७५।०४।१० मा वडा प्रहरी कार्यालय रामबजारलाई पत्राचार गरेपछि निज विपक्षी स्वयं त्यहा उपस्थित भई शान्ति सुरक्षाका विषयमा छलफल सम्म भएको हो। मैले लिएको ऋण तिरिदिन धरपकड गरेको, फोनबाट धम्कीपुर्ण व्यवहार गरेको भन्ने समेत झुठ्ठा ब्यहोराको उक्त रीट निवेदन खारेज गरीपाउँ भन्ने बोलमाया गुरुङको मिति २०७५।१२।२४ को लिखित जवाफ।

४. **<u>वडा प्रहरी कार्यालय रामबजारको लिखित जवाफः-</u>**

बोलमाया गुरुङले जिल्ला प्रशासन कार्यालय कास्कीमा शान्ति सुरक्षा कायम गरी ज्यु धनको सुरक्षा गरी पाउँ भनी दिएको निबेदन क्रमशः लेखापढी हुँदै तालुक जिल्ला प्रहरी कार्यालय कास्कीको पत्र आदेश बमोजिम निवेदकलाई फोन सम्पर्क गरी उपस्थित हुन अनुरोध गरीएको हो। निवेदकलाई धरपकड, धाक धम्की दिने जस्ता कुनै पनि कार्य गर्नु पर्ने कारण नै छैन। तसर्थः रिट निवेदकले प्रहरी आई पक्राउ गर्दछन् की भनी भविष्यका कुरालाई आशंका गरी दुख हैरानी दिने नियत राखि सम्मानित अदालत समेतलाई झुक्यानमा पारी कपोलकल्पित व्यहोराको रिट निवेदन दायर गरेको हुँदा उक्त रिट निवेदन खारेज गरी पाउ भन्ने प्रत्यर्थी वडा प्रहरी कार्यालयको मिति २०७५।१२।२२ को लिखित जवाफ।

५. **<u>यस अदालतको आदेशः-</u>**

यसमा कानुन बमोजिम बाहेक प्रस्तुत निषेधाज्ञा मुद्दाको टुङ्गो नलागेसम्म देवानी दायित्वको सम्बन्धमा निवेदकलाई पक्राउ गर्ने, गराउने जस्ता कार्य नगर्नु नगराउनु भनी विपक्षी श्री वडा प्रहरी कार्यालय रामबजारका नाउँमा मिति २०७५।१२।१४ मा जारी भएको अन्तरिम

आदेशलाई निरन्तरता प्रदान गरीदिएको छ सो बाहेकका विपक्षीहरुको नाउमा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिनपरेन। आदेशको जानकारी विपक्षी नं.१ वडा प्रहरी कार्यालय रामबजार, कास्की पोखरालाई दिनु भन्ने मिति २०७६।०१।०३ को आदेश।

६. **<u>सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको लिखित जवाफः-</u>**
सहकारी संस्थालाई विपक्षी बनाई प्रस्तुत मुद्दा दायर गर्ने हकदैया छैन। निज बोलमाया गुरुङ ऋणी र विपक्षी निवेदक धन जमानी बसी यस संस्थासँग लिएको ऋणको साँवा ब्याज किस्ता समयमा नतिरेको कारण प्रचलित कानुन एवं ऋण नितिको अधिनमा रहि विपक्षीलाई र ऋणिलाई साँवा ब्याजको किस्ता चुक्ता गर्न आउने बारेको सुचना प्रेषित गरीएको हो। यी विपक्षीले ऋण लिएको र आफू धन जमानी बसेको तथ्य स्विकार गरीसकेपछि संस्थाको ऋण असुलीको कारबाही चलाउन प्रचलित सहकारी ऐन २०७४ र सहकारी नियमावली २०४९ ले संस्थालाई कुनै बाधा छैन तोकिएको समयसारिणी अनुसार ऋणको किस्ता चुक्ता नभई वक्यौता रहेको कारण विभिन्न मितिमा ऋण चुक्ता गर्नु भनी सुचना लेखी पठाईएकोमा ऋणको किस्ता नियमित हुन नसकेपछि बाध्य भएर संस्थाले ऋणको साँवा ब्याज किस्ता तिर्न आउनुहोला भनी पत्रिकामा नाम प्रकाशन गरीनेछ भन्ने व्यहोराको पत्र विपक्षीलाई समेत प्रेषित भएपछि अत्तालिएर सम्मानित अदालत प्रवेश गर्नुभएको रहेछ। रिट निवेदनमा कहीं कतै संस्थाले प्रहरीसँग गठजोड गरी धरपकड गर्न गराउन खोजेको भन्ने नदेखिँदा यस सहकारी संस्थाका उपर लाग्नै नसक्ने रिट निवेदन खारेज गरीपाउँ भन्ने मिति २०७६।०१।०८ को विपक्षी नं. २ को लिखित जवाफ।

## <u>आदेश-खण्ड</u>

७. नियमानुसार निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदन सहित मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री दुर्गेशराज पन्तले विशुद्ध व्यापारीक कारोबारको हिसाब मिलान गर्ने विषयगत क्षेत्राधिकार प्रत्यर्थी वडा प्रहरी कार्यालय रामबजारलाई नहुँदा नहुँदै पनि प्रत्यर्थीहरुको मिलेमतोमा निवेदकलाई डर त्रास देखाई कर्जा तिराउने प्रयोजनको लागि बोलाउने र नआएमा पक्राउ गर्ने धम्की दिने जस्ता कार्यहरु गर्दै आएका छन्। निवेदकको कानुन प्रदत्त हकमा विपक्षीहरुले आघात पुर्याउने प्रबल सम्भावना भएको हुँदा  माग बमोजिम निषेधाज्ञा एवं उपयुक्त आदेश जारी गरीपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

८. विपक्षी वडा प्रहरी कार्यालय रामबजारको तर्फबाट उपस्थित उच्च सरकारी वकिल कार्यालय पोखराका विद्वान  उपन्यायधिवक्ता श्री प्रतिमा भट्टराईले  रिट निवेदकले तथ्य ढाँटी, यथार्थ कुरा लुकाई सम्मानित अदालत समेतलाई भ्रम पर्नेगरी काल्पनिक व्यहोराको रिट निवेदन दायर गरेको र सस्थाबाट अर्काको सम्मपत्ति धितो राखी ऋणलिने रिट निवेदक आफैले सो कर्जाको केहि किस्ता नगर्दै सहकारीलाइई बुझाएपछि अनपढ महिला उपर अपराध चिताई दायितव बोकाउने निज निवेदक सफा हात अदालतमा प्रवेश नगरेको हुँदा उक्त रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नुभयो।

९. विपक्षी बोलमाया गुरुङको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री जगन्नाथ ढकालले निवेदक विजय कुमार गुरुङले बोलमाया गुरुङ जस्ती अनपढ र सोझी महिलालाई ललाई फकाई गरी निज बोलमाया गुरुङको घर धितो राख्न लगाई सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट रु.३५,००,०००।— लिएका हुन्।शुरु शुरुमा सो ऋणको किस्ता निवेदकले नै तिरे बुझाएको भौचर प्रमाणबाट देखिन्छ। सो दायित्वबाट उम्कन यस्तो झुठ्ठा निवेदन गरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरीपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

१०. विपक्षी सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्थाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रोहितराज बास्तोलाले रिट निवेदनमा कहीँ कतै संस्थाले प्रहरीसँग गठजोड गरी धरपकड गर्न गराउन खोजेको भन्ने कुरा पुष्टि हुन सक्ने अवस्थाको विद्यमानता नहुँदा सहकारी संस्थाले धितो राखी प्रबाह गरेको कर्जाको विषयमा अदालतबाट पनि कुनै विशेषादेश जारी गर्न नमिल्ने अवस्था रहेको र रिट निवेदक विजय कुमार गुरुङ एवं विपक्षी मध्येका बोलमाया गुरुङको आपसी व्यबहारमा पक्ष सराङकोट सहकारी संस्थाको कुनै सरोकार नरहेको हुदा प्रस्तुत रिट निवेदन खारेज गरीपाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. विद्वान अधिवक्ताहरु र विद्वान उपन्यायाधिवक्ताको उपरोक्त बहस सुनी निवेदन-पत्रसहितको मिसिल अध्ययन गरी हेर्दा, निवेदकको माग बमोजिम निषेधाज्ञालगायत अन्य उपयुक्त आदेश जारी गर्नुपर्ने हो, होईन? भन्ने विषममा निर्णय दिनुपर्ने देखियो।

१२. निर्णयतर्फ विचार गर्दा , व्यापारिक कारोबारको हिसाब मिलान गर्ने विषयगत क्षेत्राधिकार प्रत्यर्थी वडा प्रहरी कार्यालय राम बजारलाई नहुँदा नहुँदै पनि प्रत्यर्थीहरुको गठमेलमा निवेदकको संबिधानद्वारा प्रदत्त हक एवं मुलुकी देवानी संहिताले प्रदान गरेको स्वतन्त्रता सम्बन्धी हकमा आघात हुनेगरी पक्राउ नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा निषेधाज्ञा एवं उपयुक्त आदेश जारी गरीपाउँ भन्ने निवेदन माग भएकोमा तालुक जिल्ला प्रहरी कार्यालय कास्कीको मिति २०७५।४।१० को पत्रानुसार निज रिट निवेदकलाई उपस्थित हुन अनुरोध गरेको सम्म हो भनी विपक्षी वडा प्रहरी कार्यालय राम बजारको लिखित जवाफ परेको देखियो।

१३. उपरोक्त लिखित जवाफ साथ संलग्न जिल्ला प्रशासन कार्यालय कास्कीको च.नं. ७९४७, मिति २०७५।३।२७ को पत्रबाट , बोलमाया गुरुङको निवेदन सम्बन्धमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था गर्नु भनी जिल्ला प्रहरी कार्यालय कास्कीलाई लेखी गएकोमा मिति २०७५।४।१० मा निज रिट निवेदक कास्की जिल्ला पोखरा लेखनाथ नगरपालिका वडा नं. १५ बस्ने अ.वर्ष ४३ को विजय गुरुङलाई यस कार्यालयमा उपस्थित गराईदिनु भनी जिल्ला प्रहरी कार्यालय गैरापाटन पोखराले वडा प्रहरी कार्यालय रामबजारलाई पत्राचार गरेको देखिन्छ। यस स्थितिमा विपक्षी वडा प्रहरी कार्यालय रामबजारले तालुक निकायको पत्र आदेशको पालना गर्न क्रियाशिल रहेको अवस्था सम्म देखिएको अवस्था रहेछ। त्यसरी सो कुरामा आदेश दिने जिल्ला प्रशासन कार्यालय कास्की र जिल्ला प्रहरी कार्यालय कास्कीलाई प्रस्तुत निवेदन पत्रमा विपक्षी नबनाइएको कारणबाट विपक्षी वडा प्रहरी कार्यालय राम बजारले आफ्नै कारण र विवेकले रिट निवेदक विजय कुमार गुरुङलाई ऋण ईत्यादीको विषयमा पक्राउ गर्न खोजेको रहेछ भन्न मिल्ने अवस्था देखिएन।

१४. विपक्षी बोलमाया गुरुङले अर्का विपक्षी सराङकोट बहुउद्देश्यीय सहकारी संस्थाबाट लिएको उल्लेखित कर्जामा रिट निवेदक विजय कुमार गुरुङको सम्बन्ध धनजमानीको कुरामा मात्र सिमित नभई उक्त कर्जाको पुरै रकम निज रिट निवेदकले प्रयोग गरेको र तिर्नुपर्ने सावा व्याजको किस्ता पनि निज रिट निवेदकले नै बुझाउने भनी कबुल गरी शुरुमा सो किस्ता विपक्षी मध्येको सहकारीलाई यिनै रिट निवेदकलेबुझाई आएको भन्ने तथ्य बोलमाया गुरुङको लिखित जवाफ साथ पेश गरेको चार थान भौचर एवं सो सहकारीको Statement बाट देखिन्छ। यसरी रिट निवेदकले विपक्षी बोलमाया गुरुङको नाउमा रहेको कर्जाको सावा बयाज वापत विभिन्न समयमा गरी रु ४ ,३७,३००।— रिट निवेदक आफैले तिरे बुझाएको स्थितिमा सो कर्जा को विषयमा यि रिट निवेदकको सारभुत सम्बन्ध देखिएकोले त्यस्तो अर्काको नाउको कर्जा रिट निवेदक आफैले तिरीदिएको कुराको तथ्य लुकाई यो रिट निवेदन परेको स्थितिमा रिट निवेदक विजय कुमार गुरुङ सफा हात यो निवेदनसाथ यस अदालतमा प्रवेश गरेको देखिएन। सफा हात प्रवेश नगर्ने निवेदकलाई रिट क्षेत्राधिकारबाट अदालतले मद्दत गर्न सक्तैन।

१५. अतः उपरोक्त प्रकरणहरुमा उल्लेखित आधार कारणबाट विपक्षी वडा प्रहरी कार्यालय , राम बजारले आफ्नो तालुक अड्डाको आदेश पालना गर्ने काम सम्म गरेकोमा आदेश दिने जिल्ला प्रशासन कार्यालय समेतलाई विपक्षी नवनाएको र रिट निवेदक निज विजय कुमार गुरुङ विपक्षी सहकारीमा ऋणको साँवा व्याजको किस्ता तिर्ने कार्यमा सहमत र संलग्न भई सफाहात अदालत प्रवेश नगरेको समेत कारणबाट अन्तरिम आदेश सहितको उपयुक्त आदेश जारी गरीपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ र यस प्रसंगमा जारी भएको मिति २०७५।१२।१४।५ र मिति २०७६।१।३।३ को अन्तरिम आदेश निष्कृय हुन्छ।

१६. यो आदेशको विद्युतिय प्रति कम्प्युटर प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु। सरोकारवालालाई नियमानुसार नक्कल दिनु।

**(तेजबहादुर कार्की)**
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**(जगत प्रसाद श्रेष्ठ)**
**न्यायाधीश**

इजलास अधिकृतः मोहन रायमाझी
कम्प्युटर अपरेटरः झलकराज पौडेल
इति सम्वत २०७६ साल जेठ १५ गते रोज ४ शुभम्.................................................